मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/ akc.rautahat

सूचना नं.: ०८/२०८३/०८४

## मूल्य श्रृंखलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१०

यस कृषि ज्ञान केन्द्र, रौतहटको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **मूल्य श्रृंखलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रम** रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले **३० (तीस) दिन भित्र अर्थात् २०८३/०८/०९ गते कार्यालय समय भित्र** परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### संचालन हुने क्रियाकलाप वा विषयगत क्षेत्रहरु:

| (क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने क्रियाकलापहरु: | (ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधनका क्रियाकलापहरु: |
|---|---|
| १. तालिम तथा क्षमता अभिवृद्धि<br>२. टिस्यु कल्चर बिरुवामा अनुदान<br>३. साना सिंचाई व्यवस्थापन<br>४. थोपा सिंचाई<br>५. यन्त्र उपकरणमा सहयोग (स्प्रेयर/पावर स्प्रेयर/मिनी टिलर/पावर विडर/ड्रोन।<br>६. फ्रुट ब्याग<br>७. गड्यौला मल उत्पादन संरचना निर्माण<br>८. सूक्ष्म खाद्यतत्व र झोलमल<br>९. रोग तथा किरा व्यवस्थापनका लागि आई. पी. एम. विधिका सामग्रीहरु | १. ड्रायर<br>२. राइपेनिङ्ग च्याम्बर स्थापना<br>३. प्याकेजिङ्गका लागि क्रेट, कार्टुन बक्स, लेवलिङ्ग तथा स्टिकर<br>४. प्रशोधन सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि<br>५. साना तथा घरेलु प्रशोधन (चिप्स, पेय पदार्थ, अचार, आदि) को लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग<br>६. केराको उपउत्पादन (By product) प्रशोधनको (फाइबर, पेपर, प्राङ्गारिक मल लगायत) लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग |
| (ग) बजार प्रवर्द्धनका क्रियाकलापहरु:<br>१. ढुवानी (ई-लोडर)<br>२. Mini-truck (निर्देशनालयको सहमति अनिवार्य)<br>३. डिजिटल ब्यालेन्स<br>४. सङ्कलन केन्द्र निर्माण | |

### आवश्यक कागजात तथा शर्तहरु:

१. सम्पूर्ण विवरण स्पष्ट रुपमा भरिएको अनुसूचि-२ बमोजिमको आवेदन तथा अनुसूचि-३ बमोजिमको कार्यक्रम प्रस्ताव फारम,
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. सम्बन्धित स्थानीय निकाय/वडा कार्यालय/कृषि विकास शाखाको सिफारिस,



अमर चन्द्र मण्डल
प्रमुख (नवौं तह)

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/ akc.rautahat

सूचना नं.: ०८/२०८३/०८४

४. कृषक आवेदकको हकमा कम्तीमा १० कठ्ठा, कृषि उद्यमी/फार्मको हकमा कम्तिमा १ विघा, कृषि समूहको हकमा कम्तिमा २ विघा र कृषि सहकारीको हकमा कम्तिमा १० विघा क्षेत्रफलमा केरा खेती गरिरहेको वा गर्न इच्छुक जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि,

५. कृषक समूह/सहकारी/फर्म/उद्यमीको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि, गत आ.व. को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

६. कृषक समूह/सहकारी/फर्म/उद्योग/कम्पनीको हकमा संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपि र कार्यक्रम संचालन सम्बन्धी संस्थाको निर्णयको प्रतिलिपि र अख्तियारीनामा,

७. स्थानीय तहको हकमा लगानी सहभागिताको सुनिश्चितताको प्रमाण।

८. यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट रकम र कार्यक्रम सञ्चालन कार्यविधि परिमार्जन/संशोधन/थप/घट भएमा सोही अनुसार हुनेछ।

९. विगतमा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्बन गरेका व्यावसायिक खेती गर्ने, बढी लागत सहभागिता भएका व्यक्ति तथा संस्थालाई प्राथमिकता दिइनेछ।

१०. रीत नपुगेका, म्याद नाघी प्राप्त भएका आवेदन तथा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्द हुनेछ। रीत नपुगेका, पूर्ण रुपले फाराम नभरेको, औचित्य र आवश्यकता पहिचान नभएका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन।

११. यो कार्यक्रम मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन २०७७) मा व्यवस्था भए बमोजिम सञ्चालन हुनेछ।

१२. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायत यस सूचनासँग सम्बन्धित सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। कार्यालयले थप आवश्यक कागजात माग गर्न सक्ने छ. आवश्यक कागजात बुझाउन नसकेमा छनौट/सम्झौता/भुक्तानी गरिने छैन।

१३. कार्यक्रम सँग सम्बन्धित अन्य कागजातहरु।

नोटः साना सिँचाई व्यवस्थापन कार्यको लागि भूमिगत सिँचाई व्यस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८३ को आवेदकको योग्यता समेतलाई आधार लिईनेछ।

**कार्यक्रमको दरखास्त फाराम यस कार्यालयको वेबसाइट www.akcrautahat.madhesh.gov.np मा राखिएको छ। विस्तृत विवरणको लागि सूचना अधिकारीको सम्पर्क नं: ९८५५०४०१२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।**

.............................
अमर चन्द्र मण्डल
प्रमुख (नवौं तह)